# राष्ट्रिय सूचना आयोग

**का.म.न.पा.-१० (देवीनगर) काठमाडौं**

प. सं. ०७७/७८
च. नं.

## राष्ट्रिय सूचना आयोगबाट भए गरेका काम कारवाहीहरुको सम्बन्धमा सञ्चारकर्मीहरुसँग भएको पत्रकार सम्मेलन

आयोगको आर्थिक वर्ष २०७६।७७ मा सम्मन्न भएका कामकारवहीका सम्बन्धमा सर्वसाधारण नागरिकलाई जानकारी प्रदान गर्नुपर्ने उद्देश्यले प्रत्येक महिनाको पहिला हप्ता सञ्चारकर्मीहरुसँग पत्रकार सम्मेलन गर्ने आयोगको लक्ष्य रहेको छ । कोरोना महामारीको कारण लामो समयसम्म पत्रकार सम्मेलन गर्न नसकिएको कुरा यहाँ हरुलाई सर्वविदितै छ । तथापी आर्थिक वर्ष समाप्त भईसकेको वर्तमान अवस्थामा आयोगको काम कारवाहीलाई पारदर्शी गर्न बान्छनीय देखिएकोले यस आयोगबाट यस आ.व.मा भएका महत्वपूर्ण कामकारवहीहरु तपसिल बमोजिम रहेका छन् ।

आयोगको आ.व. २०७६।७७ मा पुनरावेदनको अघिल्लो आर्थिक वर्ष समेतलाई जोड्दा १०३२ रहेकोमा पछ्र्यौट पनि १०३२ भई शतप्रतिशत पुनरावेदन पछ्र्यौट भएको छ । आयोगमा यस आ.व.मा मात्र जम्मा २६७ पुनरावेदनमध्ये सवैभन्दा बढी आर्थिक क्षेत्रमा ७०, स्थानीय तहका ५०, प्रशासनमा ४४, शिक्षामा ३७, संस्थान तथा प्राधिकरण ११, बन तथा कृषि ८, जग्गा मालपोत भूमिसुधार ७, स्वास्थ्य ५, कानून र खेलकुद ३, ३ र अन्य १९ रहेको देखिन्छ । आयोगले हालसम्म २५५ कार्यक्रम मार्फत २६२५२ जनालाई अभिमुखिकरण कार्यक्रम, आयोगले समसामयिक विषयमा विभिन्न समयमा गरी ६४७९ आदेशहरु र २४ जनालाई जरिवाना र विभागीय कारवहीको गरेको छ ।

आयोगले समयम समयमा कोभिड महामारि लगायत अन्य महत्वपूर्ण आदेशहरुमा डेंगुबाट बच्न आम नागरिकलाई उपयुक्त माध्यमबाट व्यापक रुपमा तत्काल सूचना प्रवाह गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको नाममा मिति २०७६।०५।०९ मा आदेश, कोरोना महामारी नेपालमा पनि प्रवेश गर्न सक्ने भएकोले २०७६ माघ १९ गते कोरोनाका विषयमा सवै नेपालीले बुझ्ने भाषामा सूचना प्रचार प्रसार गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा दिएको आदेश, कोरोनाका कारण संक्रमित तथा मृतकको विवरण दिंदा व्यक्तिगत सूचनाको गोप्यता कायम गर्दै थप स्पष्ट वा द्विविधा नहुने गरी विवरण सार्वजनिक गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवका नाममा दिएको मिति २०७७।०२।०६ को आदेश, कोरोना महामारीका लागि सार्वजनिक निकायहरुवाट भएका कार्यहरु तथा खर्च लगायतका विषयमा सार्जजनिक गर्दै जान संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहलाई मिति २०७७।०२।०६ को १६ बुंदे निर्देशन, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई मल तथा कृषि संबन्धीत सामग्रीहरु उपलब्ध हुने विषयका सूचना उपलब्ध गराउन मिति २०७७।०२।१३ मा भएको आदेश, सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को प्रकरण (ग), (च) र (छ) बमोजिमको आदेश र संघीय संसदको राष्ट्रिय सभा र प्रतिनिधिसभाका समितिहरुवाट नँया निर्माण हुने तथा संसोधन हुने कानूनमा कुनै पनि प्रकारको गोपनियता रहने प्रावधान हुने गरी कानून निर्माण नगराउने व्यवस्था हुन उक्त समितिहरुलाई अनुरोध गरिएको ( सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ३ (३) बाहेक) प्रत्येक गैरसरकारी संस्थाहरूमा सूचना अधिकारीहरू तोक्न गोरखापत्रमा सूचना प्रकाशित गरिएको । आयोगका पदाधिकारीहरुको आचार संहिता पहिलोपटक पारित गरिएको छ । आगामी दिनमा कानुनमा गरिने संशोधन वा परिमार्जन तथा नयाँ कानुन निर्माण गर्दा सूचनाको

हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिमका बाहेक कुनै पनि विषयलाई कानुनी रुपमा गोपनियता नराख्ने गरी व्यवस्था गर्न प्रदेश सरकार, प्रदेश सभा र स्थानीय तहलाई अनुरोध गरिएको छ । साथै आयोगले पनि प्रस्तावित विधेयकहरुको अध्ययन गर्न शुरु गरिएको छ ।

आयोगद्वारा प्रत्येक बर्ष प्रदान गरिँदै आएको सूचनाको हकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने अभियन्तालाई प्रदान गरिने पुरस्कारलाई राष्ट्रिय सूचना आयोगका पहिलो प्रमुख सूचना आयुक्त स्व. विनयकुमार कसजूले सूचना आयोग तथा सूचनाको हकको प्रबर्द्धनमा उल्लेखननीय योगदान गरेकोले कदरस्वरुप उहाँको नाममा 'विनय कसजू पुरस्कार' नामाकरण गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (१९) बमोजिम नेपाल सरकार संघीय मन्त्रालय तथा विभागका हकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई र प्रदेशस्तरका मन्त्रालयहरुको हकमा मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयलाई सूचना अधिकारी नतोकिएकोमा १५ दिनभित्र सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने र आयोगलाई जानकारी गराउने, सार्वजनिक निकायहरुले प्रत्येक ३-३ महिना व्यतित भएको १५ (पन्ध्र) दिनभित्र स्वतः प्रकाशन गर्नुपर्ने प्रत्येक तीन-तीन महिनामा अनिवार्यरुपमा प्रकाशन गर्ने व्यवस्था मिलाउने, यसरी सार्वजनिक गरिने स्वतः प्रकाशन वेवसाईटमा राख्ने र यस आयोगमा पनि जानकारी गराउने लगायतको निर्देशन दिइएको छ ।

सूचनाको बर्गिकरण गर्ने सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २७(१) बमोजिमको बर्गिकरण समितिलाई यथासीघ्र बर्गिकरण गर्न ताकेता पत्राचार गरिएको छ ।

बन्दाबन्दीको समयमा प्रत्यक्ष संलग्न निकायमा गई अनुगमन गर्न नसकिएको वर्तमान अवस्थामा पनि यस आयोगबाट विभिन्न १२० निकायहरुको वेव अनुगमन गरिएको छ ।

अध्ययन गरिएको कार्यालय संख्या १२०

- सूचना अधिकारी ९१ ले तोकेको, २९ ले नतोकेको,
- सूचना अधिकारीको सर्म्पक विवरण राखेको सार्वजनिक निकाय ९१ नराखेको सार्वजनिक निकाय २९
- स्वतः प्रकाशन गर्ने सार्वजनिक निकाय ३० नगर्ने सार्वजनिक निकाय ९० रहेको ।
  त्यसैगरी आयोगले यस आ.व.मा विभिन्न अभिमुखीकरण कार्यक्रम अन्तर्गत २२ वटा कार्यक्रममध्ये १४ वटा कार्यक्रम सम्पन्न गरिएको छ ।  कोभिड १९ का कारण ८ वटा कार्यक्रम हुन नसकेको ।



(कमला ओली थापा)
सूचना आयुक्त  तथा प्रवक्ता

२०७७ साउन १६ गते शुक्रबार ।